# गाउँपालिका अध्यक्ष

# राम वहादुर कार्कीले

# रैनादेवी छहरा गाउँसभामा पेश गर्नुभएको

# आर्थिक वर्ष २०७६/७७ को

# प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम

## रैनादेवी छहरा गाउँपालिका

## छहरा, पाल्पा

## २०७६ साल आषाढ ५ गते

## विहिवार

**सभाध्यक्ष महोदय,**
**सम्पूर्ण गाउँसभा सदस्यहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको सरकार मध्ये स्थानीय तहको निर्वाचन पश्चात हामी रैनादेवी छहरा गाउँपालिका पाल्पाको पाँचौ गाउँसभामा उपस्थित भएका छौं ।

यस घडिमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन योगदान पुऱ्याउने सम्पूर्ण शहीदहरुलाई सम्मान गर्दै भावपूर्ण श्रदान्जली टक्र्याउछु । हाम्रा अग्रज सम्पूर्ण नेताहरु प्रति सम्मान व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

संविधानको भाग १७, १८ र १९ तथा अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहको सरकारको नीति नियम बनाउने, योजना तर्जुमा एवं बजेट व्यवस्था गर्ने जिम्मेवारी हामी स्थानीय तहको सरकारलाई रहेको छ । संविधानले निर्दिष्ट गरे अनुरुपको कार्य गर्ने हाम्रो दायित्व हो । सम्पूर्ण रैनादेवी छहराबासीमा सुशासनको प्रत्याभूति गराउने, विकास र समृद्धिको लागि योजनाबद्व ढंगले अगाडी बढी नमूना र समृद्व रैनादेवी छहरा गाउँपालिका बनाउने हाम्रो दृढ संकल्प र अठोट छ ।

समृद्ध र नमूना रैनादेवी छहराको परिकल्पना गरी अगाडी सारिएको नीति तथा कार्यक्रम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएपछिको रैनादेवी छहरा गाउँपालिकाको पाँचौ गााउँ सभामा राख्न पाउँदा म गौरवको अनुभूति गरेको छु । उक्त संकल्प र परिकल्पना पूरा गर्न आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तावित गर्दछु ।

प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विकासको परम्परागत शैली र गतिलाई परिवर्तन गर्दै अन्य विविध पक्षका अलवा मूलत कृषि उत्पादनमा आधारित रही रैनादेवी छहरा गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन सरोकारवाला सम्पूर्ण पक्षसँग हातेमालो गर्दै अघि बढिने छ ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्ने क्रममा नेपालको संविधान, दिगो विकासका लक्ष्यहरू, चौधौं योजना, नेपाल सरकारले अर्न्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धताहरू, आर्थिक वर्ष २०७६/७७ को नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, विकासका लागि नेपाल सरकारले तय गरेका विभिन्न राष्ट्रिय नीति, निर्देशिका, कार्यविधिहरू, क्रियाशिल राजनैतिक दलहरुसँग भएको छलफलमा प्राप्त भएका अमूल्य सुझावहरू, विभिन्न सामाजिक तथा बौद्धिक व्यक्तित्वहरु, विदेशमा रहनुहुने गाउँपालिकावासी

दाजुभाइ दिदिबहिनीहरु लगायत आम सर्वसाधारणले दिनुभएको सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु ।

रैनादेवी छहरा गाउँपालिकामा शान्ति, विकास, समृद्धि र सुशासन कायम गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन **"विद्यमान समस्याको निकास, सुशासन सहितको विकास"** भन्ने नारालाई आत्मसात गरी अघि बढिने छ ।

**सभाध्यक्ष महोदय**

**अव म विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु,**

## कृषि तथा पशुपालन

- अधिकांस नागरिकले कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेको यस गाउँपालिकामा परम्परागत र निर्वाहमूखि खेति प्रणालीलाई आधुनिक कृषि प्रणाली तर्फ उन्मूख गर्दै कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक बृद्धि गरी कृषिजन्य उत्पादनको आयातलाई न्युनीकरण गर्दै निर्यात बढाई कृषकको आय आर्जनमा बृद्धि गर्ने नीति अबलम्बन गरिने छ ।
- कृषि प्रसार सम्बन्धी स्थानीय नीति, योजना, कानून, मापदण्ड निर्धारण गरी त्यसको कार्यान्वयन र नियमन गरिने छ ।
- कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सहायता, सीप विकास र सशक्तिकरण गरिनेछ ।
- कृषि बीउविजन, नश्ल, मल र औषधिहरुको आपूर्ति र नियमन गरिनेछ ।
- कृषिलाई व्यवसायिकरण, यान्त्रिकिकरण तथा विविधिकरण गरी गरी कृषि उत्पादनमा बृद्धि गर्दै किसानको जीवनस्तर उकास्नको लागि कृषि अनुदान, हाते ट्याक्टर,कृषि उपज संकलन तथा विक्रि केन्द्र जस्ता कृषि पूर्वाधारको व्यवस्थापन गरिने छ।
- विषादीको अत्याधिक प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक खेतिलाई प्रोत्साहित गरिनेछ ।
- एभोकाडो, किवि, अकवरे खुर्सानी, लप्सी, दाँते ओखर जस्ता बैकल्पिक जातका खेतिलाइ प्रोत्साहन गरिने छ। साथै भैरहेका सुन्तलाजात तथा अन्य स्थानीय जातका खेतिलाई सम्भाव्यताका आधारमा अन्य वडामा समेत विस्तार गरिने छ ।
- साना सिंचाइका लागि पोखरी, कुलो निर्माण मर्मत, थोपा सिंचाइ, प्लाष्टिक पोखरी जस्ता कार्यक्मलाई थप प्रभावकारी बनाइने छ ।
- तरकारी, दुध, फलफुल तथा मासुमा आत्मनिर्भर हुँदै निर्यात गर्ने नीति अवलम्बन गरिने छ ।
- उन्नत जातका पशुपालन मार्फत पशु धनको आयमा वृद्धि गर्ने नीति अगिंकार गरिने छ ।

- पशु व्यवसायको जोखिम कम गर्न पशु विमा कार्यक्रमलाई प्रभावकारी वनाइने छ ।
- भैरहेका कृपि पकेट क्षेत्रलाइ अझै विकास गर्दे सम्भावनाका आधारमा थप पकेट क्षेत्र घोषणा गरिने छ ।
- कफि, दालचिनी, मौरी, माछा, गोलभेडा जस्ता कृषि उपज पकेट क्षेत्र मार्फत कृषि उत्पादनमा वृद्धि गरिने छ ।
- कोलस्टोरको लागि जग्गा व्यवस्थाको लागि प्रकृया अगाडि वढाईने छ ।

## पर्यटन

- पर्यटन गुरुयोजना मार्फत पर्यटकीय स्थलहरुको पहिचान, प्रचार प्रसार सहज पहुचको लागि पुवाधार विकास गर्दै जाने नीति लिईनेछ ।
- वल्ढेङ्गढी, निमिचौर झरना, तिलकथान पार्क कालिका मन्दिर, मछिन्द्रा देवी मन्दिर, रैनादेवी मन्दिर, अर्चले मन्दिर लगायत अन्य धार्मिक स्थल तथा प्राकृतिक सैन्दर्यका भुगोललाई समेटेर पर्यटकिय सर्किट निर्माण गरिनेछ ।
- पर्यटकहरुलाई वसोवासको  सुनिश्चितता र स्थानीय संस्कृतिका वारेमा जानकारी दिन होम स्टे संचालनका लागि स्थानीय वासिन्दालाई प्रोत्साहन गरिने छ ।
- पर्यटकीय पदमार्गको पहिचान गरी विकास गरिनेछ ।
- गौरवको आयोजनाको रुपमा रहेको अत्याधुनिका तिलकथान पार्क निर्माण कार्यलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका भित्रको वन क्षेत्रलाई जौविक विभिधता तथा जडिवुटीको हवको रुपमा विकास गर्दै पर्या पर्यटनलाई प्रवर्धन गरीनेछ ।

## उद्योग तथा वाणिज्य :

- रैनादेवी छहरा गाउँपालिकाको वडा नं. ४ मा अवस्थित आर्फ्रेचौरमा औद्योगिक ग्राम स्थापनको लागी कार्यरम्म भईसकेको छ । औद्योगिक ग्राम निमार्ण कार्यलाई छिटो सम्पन्न गर्न संघिय तथा प्रदेश सरकार र अन्य सरोकारवालहरु वीच समन्वय गरीनेछ ।
- स्थानीय स्रोत र साधनको सदुपयोग गर्दै जडिबुटी प्रशोधन उद्योग, काष्ठ उद्योग, शस उद्योग, जुस उद्योग, बाँसजन्य र अन्य घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ ।
- उद्योग व्यवसाय संचालन गर्न लगानी मैत्री वातावरण सिर्जना गरी निजी क्षेत्रलाई लगानीका लागी प्रोत्साहन गरीनेछ ।
- परम्परागत सीप र उद्योगहरुलाई संरक्षण गरीनेछ ।
- सम्भावित साना र मझौला उद्योगहरु स्थापना गर्नको लागि उद्योगीहरुलाई प्रोत्साहन र प्रविधि सीप सहयोग तालिमको व्यवस्था गरिने छ ।

- स्थानीय उत्पादनको सहज विक्री वितरणको प्रवन्ध गर्न क्रमश हाटवजारहरु संचालनमा ल्याईनेछ ।
- वजार अनुगमनलाई नियमित गरी उपभोक्ताको अधिकारलाई संरक्षण गरीनेछ ।

## सहकारी तथा वित्तिय क्षेत्र :

- सहकारी सँस्था सम्बन्धी ऐन निर्माण भैसकेको छ । यसका अलवा सहकारी नीति, नियमावली निर्देशिका जस्ता कानून निर्माण गरी प्रवर्द्धन एवं नियमन गरिने छ ।
- सहकारीका सिद्दान्तको आधारमा सहकारीलाई संचालन गर्नको लागि नियमित नियमन अनुगमन गर्ने व्यवस्था गरिने छ ।
- सहकारीहरुलाई उत्पादनमूलक कार्यमा लाग्न उत्प्रेरित गरिने छ ।
- आर्थिक विकासको निम्ति छरिएर रहेको स्थानीय पुँजि, श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा  सहकारीलाई विकास गरी आर्थिक रुपमा विपन्न, महिला तथा निम्न वर्गका जनताको जीवनस्तर उकास्ने माध्यमको रुपमा अगाडि वढाईनेछ ।
- सहकारी मार्फत कृषि उपज विक्री वितरण गर्ने कृषकहरुलाई विभिन्न अनुदानको व्यवस्था गरिनेछ ।
- परम्परागत घरेलु तथा लघु उद्यमहरूको विकास गर्न सहकारीलाई प्रयोग गरि युवाहरुमा उद्यमशीलता विकास गर्नका निम्ति सहकारीको पहुँचलाई टोल टोलमा बिस्तार गर्ने नीति अवलम्वन गरीनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालित विभिन्न वित्तिय सँस्थाहरुको नियमन गरिने छ ।
- सवै सँघ सँस्था समूह तथा आम नागरिकलाई बैंक मार्फत आर्थिक कारोवार गर्न प्रोत्साहित गरिने छ ।

## शिक्षा

- शौक्षिक गुणस्थरलाई वृद्धि गर्न हरेक वर्ष उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्दै जाने नीतिलाई कायम गरिनेछ ।
- अध्ययन गर्ने वानीको विकास गर्दै सभ्य समाजको निर्माण गर्ने उद्देश्यले गाउँपालिकाको केन्द्र तथा प्रत्येक वडा कार्यालयमा पुस्तकालय स्थापना गरीनेछ ।
- गाउँपालिकाबासी नागरीकको सरकारी सेवा तथा सुरक्षा निकायमा पहुँज अभिवृद्धी गर्न लोकसेवा तयारी कक्षा संचालन गरीनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन भएका विद्यालयहरुलाई नतिजाको आधारमा प्रोत्साहन गर्दै लगिनेछ । गाउँपालिका भित्र उच्च शिक्षाको गुणस्तर सुधार गर्ने नीति लिइने छ ।
- प्रारम्भिक वालशिक्षा संचालन भएका वालविकास केन्द्रहरुमा भुई वसाई व्यवस्थापन तथा खेल सामग्रीहरु प्रदान गरी वालवालिकाको शिकाई उपलव्धिलाई वृद्धी गर्दै लगिनेछ ।

- शिक्षा क्षेत्रको समग्र गुणस्तर सुधार गर्दै प्राविधिक शिक्षालाई विशेष जोड दिइने छ । सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्राथमिकता दिइने छ ।
- अङग्रेजी र नेपाली दुवै माध्यमबाट शिक्षण सिकाइको लागि आवश्यक व्यवस्था मिलाउदै जाने नीति लिइने छ ।
- विद्धुतिय हाजिरी मार्फत उपस्थिति नियमन गर्ने नीतिलाइ कायम राखिएको छ । बाँकी शैक्षिक सँस्थामा यसै वर्ष विद्धुतिय हाजिरी जडान गर्ने कार्यलाई सम्पन्न गरिने छ ।
- विद्यालयको भौतिक पक्षको सुधारमा विशेष ध्यान दिइने छ ।
- सीमान्तकृत समुदाय, विपन्न, कुमाल, दलित, उत्पिडित समुदाय र पढाइबाट बञ्चित भएका वालवालिकालाई पढाइ लेखाइको लागि उपयुक्त वातावरण सृजना गरिने छ ।
- विद्यार्थीहरुमा रहेको क्षमता प्रस्फुटन गर्न वौद्धिक तथा सृजनात्मक कियाकलापहरु संचालन गर्दै लगिनेछ ।
- आधारभूत तह देखि नै गुणस्तरीय शिक्षा सुनिश्चित गर्न कक्षा ३, ५ र ८ को परीक्षा गाउँपालिका स्तरमा संचालन गरीनेछ ।

## युवा तथा खेलकुद :

- **"स्वस्थ्य जिवन यापनका लागि खेलकुद"** भन्ने नाराका साथ संचालन हुने अध्यक्ष कप तथा अन्य खेलकुद प्रतियोगितालाई निरन्तरता दिईने छ ।
- स्वास्थ्य, एकता, सवल युवा र अनुशासनका लागि खेलकुद सार्थक तुल्याउन एक वडा एक खेल मैदान बनाउने नीतिलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।
- स्थानीय स्तरमा खेलिने खेलहरुको सवै विधाको गाउँपालिका स्तरीय खेलाडीहरु उत्पादन गर्दै लगिने छ ।
- युवाहरुलाई गाउँमै रोजगारी सृजना गर्न विकास आयोजनाहरुमा श्रम प्रधान प्रविधिलाई महत्व दिइने छ साथै व्यवसायीक रुपमा कृषि पेशामा लागेका युवाहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरीने छ ।

## स्वास्थ्य तथा आर्युवेद :

- नागरिको आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्ने संवैधानिक हकलाई सुनिश्चित गर्न स्वास्थ्य संस्थावाट हुने नियमित उपचारका अलवा गाउँगाउँमा घुम्ति सेवा संचालन गरीनेछ ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृतको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रबर्द्धन गरिनेछ ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोगमा नियन्त्रण तथा सचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिकास्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक स्वास्थ्य सेवाको सञ्चालन गरिने छ ।

- स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिदै गाउँपालिका भित्रका सवै नागरिकाको स्वास्थ्य वीमा गर्ने नीति कायम राखिएको छ ।
- स्थानीय स्तरमा रोगको पहिचान गर्न सकियोस भन्ने उद्देश्यले यसै आ.व देखी छहरा स्वास्थ्य चौकीवाट सुरुवात गरीएको स्वास्थ्य प्रयोगशाल संचालन कार्यलाई क्रमश सवै स्वास्थ्य चौकीमा विस्तार गरीने छ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन गर्भवती महिलाको नियमीत स्वास्थ्य चेक जाच तथा पोषण सुरक्षालाई मध्य नजर गरी **गर्भवती हरियो झण्डा तथा पोषण कार्यक्रम** संचालन गरीनेछ ।
- स्वास्थ्य संस्थाको पहुँच देखी टाढा रहेका नागरिकलाइ मध्यनजर गरी थप सामुदायीक स्वास्थ्य इकाईहरु संचालन गर्दै लगिनेछ ।
- कुनैपनि नागरिकको स्वास्थ्य सँस्थामा पुऱ्याउन नपाउदै ज्यान जाने अवस्था नआओस भन्ने उद्देश्यले आगामि आ व मै थप एक वटा वडामा एम्बुलेन्स सेवा संचालन गरिने छ ।
- हरेक वडामा वर्थिङ सेन्टर स्थापना गर्ने नीतिलाइ क्रमश कार्यान्वयन गर्दै लगिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको कार्य सम्पादनलाई कदर गर्दै, सेवा सुविधा थप गर्दै लगिने छ ।
- स्वास्थ्य सँस्थामा सुत्केरी गराउने गर्भवती महिलालाई सुत्केरी भत्ता उपलव्ध गराईने छ ।
- ६० वर्ष भन्दा माथिका जेष्ठ नागरीकहरुलाई ३-३ महिनामा सुगर, प्रेसर लगायत आधारभुत स्वास्थ्य परिक्षण उनीहरुकै घर-घरमा गर्ने गरी **"स्वस्थ बा-आमा कार्यक्रम"** संचालन गरिने छ ।
- **"स्वास्थ्य उपचार सहायता कोष**" को स्थापना गरी आर्थिक रुपमा विपन्न, अनाथ, अशक्त, असहाय व्यक्तिको मृगौला रोग, मुटु रोग, क्यानसर, प्यारालाइसिस लगायतका जटिल खालका रोगको स्वास्थ्य उपचारमा सहयोग गर्ने नीति लिइने छ । यस्तो कोषमा जुनसुकै व्यक्ति, सँस्थाले सहयोग गर्न सक्ने व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य सँस्थाहरुको भौतिक पक्षमा सुधार तथा कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई सुदृढ पारिनेछ ।
- स्वास्थ्यकर्मीको माध्यमद्वारा विद्यालय र समुदायमा स्वास्थ्य सन्देश प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।
- प्रत्यक्ष स्वास्थ्य सस्थाबाट संचालन हुदै आएका गाउँघरे क्लिनिकलाई व्यवस्थित गर्दै लगिने छ ।
- आर्युवेर्दिक गाउँघर किलीनीकलाई क्रमश विस्तार गर्दै लगिने छ ।
- स्थानीय स्तरमा पाईने जडिवुटीको पहिचान गरी संरक्षण गरिने छ ।
- ७० वर्ष माथिका जेष्ठ नागरिकलाई चौमासिक रुपमा घरदैलोमा गई आर्युवेद स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- आर्युवेद सेवा प्रति मानिसको आकर्षण वढाउन सचेतना मुलक कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## खानेपानी तथा सरसफाई

- **"स्वस्थ्य जिवन, स्वच्छ खाने पानी"** नारा सार्थक तुल्याउन **"एक घर एक फिल्टर", "एक विद्यालय एक युरो गार्ड", "एक घर एक धारा"** कार्यक्रम क्रमश शुभारम्भ गरिने छ।
- खानपानीका सम्भाव्य स्रोतहरुको पहिचान गरी लिफ्टिङ/ग्राभिटि प्रणाली मार्फत खानेपानिका आयोजनाहरुलाई अगाडि वढाईने छ।
- वजारको मुख्य स्थान र इलाकाका फोहर व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै डम्पिङ्ग साइट व्यवस्थित गरिने छ।
- एक वाड एक सार्वजनिक शौचालय निर्माण कार्य क्रमशः शुभारम्भ गर्नुका साथै वजार इलाका तथा जनघनत्व बढी हुने सार्वजनिक स्थानमा डस्विनको व्यवस्था गरिने छ।
- ठुला खानेपानीका योजनाहरु संचालन गर्दा आवश्यकताको आधारमा प्रदेश सरकारसँग सहलगानीको नीति लिइने छ।
- मापदण्ड पुरा गरेका वडाहरुलाई पूर्ण सरसफाइयुक्त वडा घोषणा गर्दै अन्तत रैनादेवी छहरा गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त गाउँपालिका बनाइनेछ।
- प्रत्येक घर परिवारलाई आफ्नो फोहर र बलेनी पानीको आफै व्यवस्थापन गर्न उत्प्रेरित गरिने छ।

## भाषा सँस्कृति कला :

- सवै समुदायको भाषा सँस्कृतिको संरक्षण कलाको विकास र विशेष गरी अल्पसंख्यामा रहेका कुमाल लगायत आदिवासी जनजातीको सँस्कृतिको संरक्षण र उत्थान गरिनेछ।
- रैनादेवी छहरा भित्रका सरायँ नाँच, मारुनी , पुटपुटे, झयाउरे, खेली, भैलो, देउसी, तिज गित, पन्चेबाजा, भजन, किर्तन लगायतका लोक संस्कृती प्रर्वधन गर्ने निती लिईने छ।
- यस गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको संरक्षण संम्वद्धन गरीने छ।
- परम्परागत सँस्कृतिको जगेर्ना गर्न गाउँपालिकामा एक साँस्कृतिक केन्द्र (म्युजियम) स्थापना गरिने छ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### महिला

- एकल महिला आर्यआर्जन कार्यक्रमलाई निरन्तरता दिइने छ र महिला आत्म निभर गराउन आर्यआर्जनका कार्यक्रम संचालन गरीने छ  साथै उद्यमी महिलाहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरीने छ ।
- जन-प्रतिनिधी महिलाहरुको नेतृत्व क्षमता विकास कार्यक्रम संचालन गरिनुका साथै अन्य महिलाहरुका लागि महिला क्षमता विकास कार्यक्रम गरिने छ ।
- सुरक्षित महिनावारीका  लागि विद्यालयमा सेनेटरी प्याड वितरण गरिनुका साथै किशोरी शिक्षालाई व्यापक गराइने छ ।
- १ वा २ वटा छोरी जन्माएर परिवार नियोजन गर्न दम्पतिलाई सम्मान गरीने छ ।
- सासु वुहारी अन्तक्रिया कार्यक्रम सुभारम्भ गरिने छ ।

## वालवालिका

- **५ अ** (**अनाथ, असक्त,असहाय,अपाङ्ग र अति विपन्न**) भित्र पर्ने वालवालिकाहरुलाई छात्रवृती प्रदान गरीने छ ।
- वाल विवाह न्यूनिकरणका लागि कार्यक्रमहरु संचालन गरिने छ ।
- वाल अधिकारको वोध गर्न वाल क्लव तथा समूह गठन गरी हरेक संघ संस्था, पूर्वाधार संरचना, सामाजिक व्यवहार लगायतका क्षेत्रलाई वालमैत्री वनाउदै क्रमश वालमैत्री वडा र वाल मैत्री गाउँपालिका घोषण गरिने छ ।

## जेष्ठ नागरीक

- जेष्ठ नागरिक सम्मान गर्ने नीतिलाई कायम राखिने छ ।
- प्रत्येक वडामा ऋमश जेष्ठ नागरिक दिवा सेवा केन्द्र खोलिने छ । यस कार्यलाई यसै आ.व. देखी नमूनाको रुपमा सुरुवात गरिने छ ।
- जेष्ठ नागरीक संग भएको ज्ञान, सीप र अनुभवको हस्तानतरण गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।

## अपाङ्ग

- गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचना अपाङग मैत्री वनाइने छ ।
- अपाङग भएका व्यक्तिहरुको क्षमता विकासमा जोड दिदै अपाङगहरुको अवस्था हेरी आवश्यक साहयता सामग्री विरतण गरिने छ ।
- घर घरमा गई अपाङ्गता परिचय पत्र वितरण गरिने छ ।

## दलित

- दलित प्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

- दलितहरुले अवलम्वन गर्दै आएका परम्परागत पेशाहरुलाई आधुनिकिकरण गरी रोजगारी सिर्जना मार्फत आर्यआर्जन गर्दै जिवन यापनमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिने छ ।
- जातीय छुवाछुद विरुद्धको राष्ट्रिय दिवस तथा अन्तराष्ट्रिय रंगभेद दिवस जस्ता अवसरमा विभिन्न सचेतनामूलक कार्यक्रम गर्दै छुवाछुत मुक्त समाज निर्माणका लागि अघि बढिने छ ।
- दलित समुदायका वालवालिकाको शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धि गर्न दलित जेहन्दार छात्रवृति प्रदान गरिने छ ।
- विपन्न दलित वर्गलाई लक्षित गरी आर्यआर्जनको कार्यक्रम संचालन गरिने छ ।

## आदिवासी जनजाती/ अल्पसंख्यक समुदाय

- आदिवासी जनजातिको परम्परागत संस्कृतिलाई संरक्षण गर्दै विद्यमान कुरितिलाई निरुत्साहित गर्ने नीति अंगिकार गरिने छ ।
- आदिवासी जनजाती अर्न्तगत कुमाल लगायत अन्य पछाडी परेको समुदायको उत्थानको लागि विशेष कार्यक्रम संचालन गरीने छ ।
- वहुसंख्यक कुमाल समुदायले पढ्ने विद्यालयमा उनीहरुका लागि दिवा खाजा कार्यक्रम निरन्तरता दिईने छ ।
- हरेक जातजातीको मातृभाषाको संरक्षण गर्ने नीति लिइने छ ।

## सडक तथा पुल

- गाउँपालिका स्तरमा वाटोको मापदण्ड निधारण गरी व्यवस्थित सडक विकास कार्य अगाडि वढाईने छ ।
- गाउपालिका भित्र रहेका सडक संजालको स्तरोन्नती गर्दै लगिने छ ।
- अन्तराष्ट्रिय गौतम वुद्ध विमान स्थल वाट वल्ढेङ्गगढी, जुठापौवा, कालिका मन्दिर, रैनादेवी हुदै ऋषिकेस मन्दिर हुदै कालिगण्डकी करिडोर मार्फत मुक्तिनाथ जोडने रणनितिक महत्वको पर्यटकिय सडकको विस्तारको लागि सम्वन्धित सवै पक्षसगँ समन्यव र सहकार्य गर्दै अघि वढिने छ ।
- सातमुरे-छहरा-सालझण्डी वस सेवा संचालनका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ ।
- सुन्दरे ढुङ्गा-जुठापौवा मोटरवाटो पिच गर्ने कार्य सुभारम्भ गरिने छ ।
- गाउँपालिका भित्रका प्रत्येक सडकमा नालीको व्यवस्थापन गरिने छ ।
- झोलुङ्गे पुलको संरक्षण र आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गर्दै लगिने छ ।
- दुर्घटना न्यूनिकरण गर्दै रैनादेवी छहरा गाउपालिकालाई शुन्य दुर्घटना क्षेत्र बनाइन तर्फ अघि बढिने छ । यसको लागि सडकहरुको सुदृढिकरण गर्ने, ट्राफिक प्रहरीको लागि सम्बन्धित पक्षसँग समन्वय गर्ने, प्राविधिक हिसावले उपयुक्त सवारी साधनहरुको संचालन गर्ने र व्यवसायी, चालक तथा सहचालकलाई आवश्यक अभिमुखिकरण गरिने छ ।
- वसपार्क निर्माणका लागि जग्गा व्यवस्थाका लागि प्रकृया अगाडि वढाईने छ ।

## सिंचाई

- कुलो तथा वाँध संरक्षण गर्ने नीतिलाई आत्मसाथ गरिने छ ।
- आकाशे पानी संकलन गरी सिचाई प्रयोजनमा उपयोग गर्ने व्यवस्था मिलाईने छ ।
- प्लास्टिक पोखरी, थोपा सिचाई जस्ता प्रविधिको प्रयोग गरी उच्च स्थानमा समेत कृषि उत्पादनमा जोड दिईने छ ।
- परम्परागत ढंगले सिंचित भइ आएका जग्गाहरुको कुलाको व्यवस्थापन गर्दै नयाँ सम्भाव्य योजनाहरुको पहिचान गरी अगाडि बढिने छ ।
- सिंचाई क्षेत्रका साना मझौला र वृहत सिंचाई योजनाहरुको बर्गिकरण गरी व्यवस्थापन गर्ने नीति लिइने छ ।

## भवन तथा सहरी विकास

- गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य आगामी आ.व देखी प्ररम्भ गरिने छ ।
- प्रत्येक वडामा वहुउपयोगी सभाहल निर्माण गरिने छ ।
- आवश्यक स्थानमा सामुदायिक भवनहरु निर्माण गर्दै लगिने छ ।
- प्रत्येक टोल/टोलमा क्रियापुत्री आश्रय स्थल निमार्ण गर्ने कार्य प्रारम्भ गरिने छ ।
- भवन निर्माण आचार संहिता पुर्ण रुपमा कार्यान्वयन गर्दै लगिने छ ।
- फुसको छाना विस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## उर्जा

- जल विद्युत तथा सौर्य उर्जाको प्रयोग गरी आगामी आ.व.मा सवै नागरिकको घर घरमा विद्युतको पहुज पुऱ्याई **उज्जयालो रैनादेवी छहरा गाउँपालिका** घोषणा गरीनेछ ।
- गाउँपालिकाका अधिकांश व्यापारिका केन्द्र, सरकारी तथा सार्वजनीक संस्था रहेका स्थल तथा केही धार्मिक स्थलमा सौर्य सडक वत्ती जडान गर्ने कार्य यसै आ.वा मा सम्पन्न हुने छ । वाकी सर्वजनिक महत्वका स्थल तथा मठ मन्दिरहरुमा आगामी आ.व. मा सौर्य वत्ती जडान कार्य सम्पन्न गरीनेछ ।
- गाउपालिका क्षेत्रभित्र विद्युत आपुर्तिलाई नियमित र व्यवस्थित गर्न सम्बन्धित निकाय सँग समन्वय गरी आवश्यक कार्य अघि बढाइने छ ।
- गाउपालिका भित्रका सबै काठका पोलहरुलाई स्टिल पोलले विस्थापित गरिने छ ।
- लिफ्टिङ खानेपानी आयोजनाहरु निर्माण गर्दा सौर्य उर्जाको समेत प्रयोग गर्ने नीति लिइने छ ।

## संचार

- हाल सम्म पनि टेलिफोन नेटर्वक नपुगेका स्थानमा समवन्धित निकाय सगँ समन्वय गरी टेलिफोन पहुच विस्तार गरीने छ ।
- स्थानिय संचार माध्यमहरुलाई नियमन, प्रवद्धन तथा संरक्षण गर्ने नीति अवलम्वन गरीने छ ।
- निश्पक्ष र तथ्यपरक रुपमा सूचना पाउने नागरिकको अधिकारलाई सुनिश्चित गरिने छ ।
- गाउपालिका क्षेत्र भित्र ल्याण्डलाइन टेलिफोन सेवा विस्तार गरिने छ । साथै हरेक सरकारी कार्यालयमा ल्याण्डलाइन टेलिफोन सेवा पुऱ्याउने नीति अवलम्बन गरिने छ ।
- गाउपालिकाका विभिन्न स्थानहरुमा वाइ फाइ जोनको व्यवस्थापन गरी सूचना तथा संचार प्रविधिलाई नागरिकको नजिक पुऱ्याइने छ ।

## वन, वातावरण, जलाधार, भु संरक्षण तथा जैविक विविधता

- वन, जङगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, खनिज पदार्थ, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी अधिकार क्षेत्र भित्र पर्ने विषयमा नीति कानून, मापदण्ड निर्धारण, योजाना वनाइ कार्याव्वयन र नियमन गरिने छ ।
- **एक गाउँ एक पोखरी** कार्यक्रम मार्फत साविकका हरेक वडाहरुमा पोखरीहरुको निर्माण गरिने छ । पोखरी निर्माण संगै बर पिपल स्वामी लगाउने कार्यलाई प्रोत्साहन गरिने छ ।
- जलाधार क्षेत्र पहिचान गरि संरक्षण गरिने छ ।
- सामुदायिक बन ,धार्मीक वन ,सरकारी वन लगायत सवै प्रकारका वनलाई संरक्षण गर्ने निति लिईने छ ।
- कवुलियति वन मार्फत विभिन्न आर्यआर्जनका क्रियाकलाप गर्ने नीति अवलम्वन गरीने छ ।
- गाउँपालिका भित्र रहेका वनको संरक्षण गर्दै पर्यापर्यटनको विकास गरिने छ ।
- वन कार्यालयसगँ समन्वय गरी वन जंगल फडानी नियन्त्रण गरिने छ ।
- गाउँपालिका भित्र रहेका पुराना तथा नयाँ सडकको छेउछाउमा वृक्ष रोपण गरी हरित सडकको रुपमा विकास गरिने छ ।
- भु-संरक्षण कार्यालयसगँ समन्वय गरी भु-संरक्षण समवन्धि विभिन्न क्रियाकलाप संचालन गरिने छ ।
- पहिरो नियन्त्रण तर्फ पूर्वसावधानी तथा तत्काल उद्दारको नीति लिइने छ । पहिरो ग्रस्त क्षेत्रमा वृक्षारोपण गरिने छ ।

## विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

- टोल टोल वा साविक वडामा कम्तीमा १०/१० जनाको विपद् स्वयम सेवक तीव्र उद्धार दल वनाईने छ ।
- विपद् व्यवस्थापन कोषमा इच्छुक सर्वसाधारको समेत योगदान स्वीकार गर्दै लगिने छ ।
- हरेक वडा कार्यालय तथा प्रहरी चौकीहरुमा विपद् व्यवस्थापन सामग्रीहरुको व्यवस्था गरिने छ ।
- जलवायु परिवर्तनको कारणले पर्ने जलवायु परिवर्तनका असर न्युनिकरण गर्न अनुकुलन कार्यक्रम संचालन गरिने छ ।
- वातावरण संरक्षण सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

## सेवा प्रवाह तथा सुशासन

–**"सेवाको वरिपरि जनता होइन जनताको वरिपरि सेवा हो ।"** भन्ने अवधारणालाई आत्मसाथ गर्दै समय समयमा घुम्ती सेवा मार्फत जनताको घरदैलोमै सेवा प्रदान गरिने छ ।

- पारदर्शिता, जवाफदेहिता, सहभागिता र कानूनको शासन जस्ता सुशासनका आधार स्तम्भहरुको आधारमा सेवा प्रवाहको प्रवन्ध मिलाइने छ ।
- नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, घुम्ती सेवा, विद्युतिय शासन जस्ता सेवा प्रवाहका नविनतम आयामहरुलाई अधिकतम प्रयोगमा ल्याइने छ ।
- सँस्थागत क्षमता अभिवृद्धि र क्षमता विकास कार्यक्रम मार्फत सेवा प्रवाहलाई थप गुणस्तरीय बनाइने छ ।
- सुशासन कायम गर्ने साधनको रुपमा रहेका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तर्फ विशेष जोड दिईने छ ।
- सरकारी कार्यालयहरुमा नागरिक सहायता कक्षको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको सेवा प्रवाह प्रभावकारी वनाउन आवश्यकता अनुसार विषयगत क्षेत्रका सेवा करार कर्मचारी प्रति गरिने नीति लिईने छ ।
- सवै वडा कार्यालयमा डिजिटल नोटिस वोडको व्यवस्था गरिने छ ।
- कार्यसम्पादनमा गुणात्मक सुधार ल्याउन कर्मचारीहरुको कार्यउत्प्रेरणा र मनोबल बृद्धि गर्न विभिन्न मौद्रिक र गैरमौद्रिक उत्प्रेरणाका कार्यक्रमहरु ल्याइने छ । उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

## तथ्याङ्क अभिलेख

- जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आय व्यय समेतको तथ्याङ्क संकलन र प्रसोधन गरी रैनादेवी छहरा गाउपालिकाको वस्तुगत विवरण ( Profile) अद्यावधिक गरिने छ ।
- नविनतम प्रविधियुक्त सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी संचालन गरिने छ ।

- गाउपालिका क्षेत्रभित्र सम्पन्न भएका तथा चालू योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन गरिने छ।
- सम्पूर्ण सरकारी कार्यालयहरुको अभिलेख प्रणालीलाई व्यवस्थित बनाइने छ।
- गाउपालिका भित्रका ऐतिहासिक धार्मिक पुरातात्वीक महत्वका सम्पूर्ण विषयहरुको खोज गरी अभिलेखीकरण गरिने छ।

## मानव संसाधन तथा रोजगारी

- बेरोजगारहरुको तथ्याङक संकलन कार्यलाई निरन्तरता दिइने छ।
- रोजगारीका अवसरहरु सृजना गर्दै बेरोजगारीको दरलाई न्यून गरिने छ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीपलाई उत्पादनमूलक कार्यमा लगाई स्वरोजगारीको अवस्था सृजना गर्दै लगिने छ।
- स्थानीय स्तरमै रोजगारी सिर्जना गर्दै वसाइ सराइको दरलाइ न्यूनिकरण गर्ने नीति लिइने छ।
- वेजोगार युवालाई व्यवसायिक कृषि तथा मझौला उद्योगमा आकर्षित गरी स्वरोजागार गराउन वित्तय संस्थासँग समन्वय गरि अगाडि वढाईने छ।

## राजस्व

- स्थानीय राजस्वको दायरा विस्तार गरिने छ।
- उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोग गर्दै राजस्व संकलन वृद्धि गर्दै आन्तिरिक आमदानीमा वृद्धि गर्दै लगिने छ।
- करदाता शिक्षा कार्यक्रम संचालन गरिने छ।
- नागरिकलाई **मैले तिरेको कर मेरै विकासका लागि हो** भन्ने कुराको अनुभुति दिलाउने गरी कार्यक्रम संचालन गरिने छ।

## सार्वजनिक सम्पत्ति संरक्षण

- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले सो तर्फ सवैलाइ सचेत गर्दै लगिने छ।
- गाउपालिकाभित्रका सार्वजनिक सम्पत्तिको अभिलेखिकरण गरी त्यसको संरक्षण गरिने छ।
- सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नेलाई सजांय र संरक्षण गर्नेलाई पुरस्कृत गरिने निती लिईने छ।

## शान्ति सुरक्षा

- गाउँपालिका भित्र शान्ति र अमनचयनको वातावरण सृजना गर्न नेपाल प्रहरी लगायत सुरक्षा निकायसँग सहकार्य गर्दै अघि बढिने छ ।
- तास जुवा तथा मदिरा नियन्त्रण गर्ने निती लिईने छ ।
- घरेलु हिंसा नियन्त्रण गर्न परिवार समुदाय तथा प्रहरिसँग हातेमालो गरिने छ ।

## न्यायिक समिति

- छिटो छरितो सुलभ न्याय प्रणलिको विकास गर्दै सवै नागरिकलाई न्यायको समान पहुच उपलव्ध गराईनुको साथै अशक्त असहाय विपन्न समुदायलाई निशुल्क न्यायको व्यवस्था मिलाईने छ ।
- विवादको व्यवस्थापन तथा मेलमिलाप समवन्धि कार्यहरु संचालन गर्दै स्थानीय न्याय प्रणालीलाई प्रभावकारी वनाईने छ ।
- न्यायिक समितिको क्षमता अभिबृद्धि गर्दै लगिने छ ।
- क्रमश छुट्टै इजलास कक्षको स्थापना गरी न्याय सम्पादन गर्ने व्यवस्था मिलाइने छ ।

## कार्ययोजना :

- वजेट कार्यान्वयन कार्यतालिका वनाई तोकिएको समयमा कार्यसम्पादन गर्ने वातावरण सिर्जना गरिने छ ।
- बजेट कार्यान्वयनको चौमासिक लक्ष निर्धारण गरी सोही बमोजिम कार्यान्वयन अघि बढाइने छ ।

## अनुगमन :

- विकासका विभिन्न आयोजना तथा सेवा प्रवाह अवस्था वारे  नियमित रुपमा अनुगमन गरी सेवामा सन्तुष्टीको अनुभुति आम नागरिकमा दिलाईने छ ।
- योजना निर्माणको चरणदेखि स्रोत परिचालन, कार्यान्वयन र अनुगमनसम्म स्थानीय जनसमुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्ने सिलसिलामा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने संघ प्रदेशका माननीय सांसद ज्यूहरु, उपाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरु, राजनितिक दल, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, समाजसेवी, बुद्धिजिवी, संचार जगत, सँघसँस्थाहरु, सुरक्षाकर्मी लगायत गाउँपालिकावासी आम सर्वसाधारण नागरिकलाइ आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !